प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा**
प्रदेश न. १
( कार्यक्षेत्र झापा र इलाम )

फोन न. ०२३-५२००८७
फयाक्स न . ०२३-५२००८७
Email: vhlsjhapa@gmail.com

# प्रस्ताव आह्वानको सूचाना

सूचना नं. ३/२०७६-७७

**प्रथम पटक प्रकाशित मितिः २०७६।०९।२३**
**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७६।१०।०८**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आ. व. २०७६।७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** मा भएको व्यवस्था वमोजिमका शर्तहरु पालना गरि साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट मिति २०७६/१०/०८ गते बुधबार सम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेस हुन नसक्ने व्यहोरा समेत यस सुचनाद्वारा जानकारी गराईन्छ । थप जानकारीको लागि **भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र झापा (फोन नम्बर ०२३-५२००८७ ) र सम्पर्क कार्यालय ईलाम (फोन न.०२७-५२००४)** मा सम्पर्क राख्न सकिनेछ । साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट www.molmac.p1.gov.np बाट **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** डाउनलोड गरेर समेत विस्तृत जानकारी लिन सकिनेछ । कार्यालयको तर्फबाट प्रति एकाई अधिकतम अनुदान रकम कूल लागतको ७५ प्रतिशत भन्दा बढी हुनेछैन, यदि उक्त रकम तोकिएको रकम भन्दा बढी भएमा तोकिएको रकम मात्र अनुदान स्वरुप उपलब्ध गराइने छ र बाँकी रकम प्रस्तावक स्वयंले व्यहोर्नु पर्नेछ ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | एकाई | परिमाण | कार्यालयको तर्फबाट प्रति एकाई अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | व्यासयिक बंगुर फार्महरुलाई गोठखोर निर्माण जैविक सुरक्षा / तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | ६ (झापा ४, ईलाम २) | २ लाख | पाठापाठी उत्पादकले तराई क्षेत्रको हकमा १० वटा भुनी वंगुर र मासु उत्पादनका लागि २० बटा बंगुर र पहाडी क्षेत्रको हकमा ५ भुनी र १० बंगुर पालेको वंगुरपालक कृषक/फार्म/ व्यवसायीहरु |
| २ | मासु पसल सुधारमा अनुदान | संख्या | २ (झापा १, ईलाम १) | २ लाख ५० हजार | मासुको कारोबारमा संलग्न वा व्यवस्थित गर्न चाहने स्थानीय तह, मासु व्यवसायी संघ समिति, कृषक समुह समिति, मासु उधमी, निजि उधमी दैनिक न्यूनतम २० केजि मासु/मासुजन्य पदार्थ बिक्री वितरण गर्ने |
| ३ | ५०० लिटरको चिलिङ्ग भ्याट जेनेरेटर सहित खरिदमा अनुदान | संख्या | २ (झापा १, ईलाम १) | ५ लाख | दुग्ध व्यवसयिक संघ संस्था/सहकारी संस्था/कम्पनी/फर्म र निजी उद्यमी/व्यवसायीहरु दैनिक न्यूनतम २०० लिटर दुधको सङ्कलन र बिक्री वितरण भएको |
| ४ | मिल्किङ मेशिनमा अनुदान | संख्या | १० (झापा ६, ईलाम ४) | २ लाख ५० हजार | सहकारी संस्था, फर्म तथा कम्पनी, निजी उद्यमी/व्यवसायी कम्तीमा १० वटा उन्नत गाई भैसी पालेको हुनुपर्ने |

पृष्ठ संख्या

नि. कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा**

प्रदेश न. १
( कार्यक्षेत्र :झापा र इलाम )

फोन न. ०२३-५२००८७
फयाक्स न . ०२३-५२००८७
Email: vhlsjhapa@gmail.com

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मत्स्य यान्त्रीकरणमा अनुदान सहयोग | पटक | १ (माग र औचित्य अनुसार) | जम्मा रु. १५ लाख | व्यवसायिक, निजि कृषक/उद्यमी /कृषक समुह समिति/सहकारी संस्था/फर्म, कम्पनी<br>हिमाल र पहाडमा २०० वर्गमिटर र तराईमा ६ कठ्ठा जग्गामा माछापालन गरेको र अनिवार्य मत्स्य विमा गरेको हुनुपर्ने ।<br>कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को मत्स्य यान्त्रीकरण कार्यक्रम(४५) मा अनुदानमा वितरण गरिने मत्स्य औजार उपकरणहरुमा उल्लेखित उपकरणहरुमा मात्र अनुदान उपलब्ध गराइनेछ । |

**<u>प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु:</u>**

१. रु.१०। को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन ।
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालनका लागि सम्बन्धीत कार्यक्रमका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना/व्यवसाय योजना ।
४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि/धनीपुर्जा र नक्सा ।
५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको आधारिक करारनामा/सम्झौता पत्र/मंजुरीनामा र मालपोत तिरेको रसिद।
६.एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मंजुरीनामा पत्र र मंजुरीनामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
७. प्रचलित कानुन बमोजिम अधिकारीक निकायमा संस्था/फर्म/ व्यवासाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।
८. समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि ।
९. अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
१०. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।
११.बिगत ३ वर्षमा प्रस्तावित कार्यक्रम वा सोही प्रकृतिका कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकायहरुबाट अनुदान नलिएको स्वघोषणापत्र ।
१२. स्थानिय तह पशु सेवा शाखाको सिफारिस पत्र।
१३. प्रचलित कानुन बमोजिम कुनै कारवाहीमा नपरेको स्वयमघोषणा पत्र समावेश गर्नुपर्ने ।
१४. कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ मा उल्लेख भए अनुसार थप कागजातहरु।

**<u>नोट :</u>**

१. प्रस्तावहरु भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र सम्पर्क कार्यालय ईलाम मध्ये आफुलाई पायक पर्ने कार्यालयमा दर्ता गर्न सकिने छ ।
२. कुनै एक जिल्लाको लागि छुट्याइएको कार्यक्रमको परिमाण अनुसार प्रस्ताव नपरेमा उक्त संख्या (कोटा) अर्को जिल्लाको परिमाणमा थप गरिनेछ।
३. अनुदानसंग सम्बन्धित तोकिएको ढाँचा अनुसारका फर्मेटहरु यस कार्यालयबाट कार्यालय समय भित्र निःशुल्क उपलब्ध गराइनेछ ।
४. सबै कागजातहरुको २-२ प्रति ल्याउनु पर्नेछ ।

..................
(कार्यालय प्रमुख)